# शे-फोक्सुण्डो गाउँपालिका स्थानीय जलस्रोत ऐन, २०७६

स्वीकृति मिति २०७६/०३/११

प्रस्तावना:

जलस्रोतको सम्भावना र सम्भाव्यतालाई हृदयङ्गम गरी यस गाउँपालिका भित्र रहेका जलस्रोतलाई उपयोग र सञ्चालनका निम्ति आवश्यक नीति तथा कानून बनाउन वाञ्छानीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड(ध) मा व्यवस्था भए बमोजिम “शे-फोक्सुण्डो गाउँपालिका स्थानीय जलस्रोत ऐन २०७५” जारी गरिएको छ।

नेपालको संविधानको धारा २२२ बमोजिम गठित शे-फोक्सुण्डो गाउँपालिकाको गाउँसभाले धारा २२६(१) बमोजिम दिएको अधिकार प्रयोग गरी यो ऐन बनाएको छ।

## परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम “शे-फोक्सुण्डो गाउँपालिका स्थानीय जलस्रोत ऐन, २०७६” रहने छ,

२. यो ऐन गाउँसभाबाट पारित भएको मिति देखि लागू हुनेछ।

३. यस ऐनले विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजनाको सर्वेक्षणको अनुमति तथा उत्पादनको अनुमति जारी गर्ने, संशोधन तथा खारेज काम कारबाहीलाई व्यवस्थित गर्न बनेको ऐन।

**२. परिभाषा :**

**१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) “शे-फोक्सुण्डो गाउँपालिका स्थानीय जलस्रोत ऐन २०७५” भन्ने जनाउँछ।

(ख) “साना जलविद्युत” भन्नाले १००० कि.वा. सम्मको क्षमताका आयोजनाको उत्पादन तथा वितरणलाई जनाउँछ ।

(ग) “मुहान” भन्नाले शे-फोक्सुण्डो गाउँपालिका भित्र रहेका पानी उम्रने मूल स्रोतलाई जनाउँछ ।

(घ) “सर्वेक्षण अनुमति-पत्र” भन्नाले विद्युत उत्पादन गर्न पूर्व त्यस परियोजनाको अध्ययन, अनुसन्धानका लागि दिइने स्वीकृति पत्र भन्ने जनाउँछ।

(ङ) “अनुमति पत्र” भन्नाले जल विद्युत उत्पादन गर्न दिने स्वीकृति भन्ने जनाउँछ।

(च) “संशोधन” भन्नाले समय समयमा आवश्यकता अनुसार गाउँपालिको सभाले ऐन, नियमलाई संशोधन गरिने भन्ने जनाउँछ।

(छ) “आयोजना स्थल” भन्नाले विद्युत उत्पादन गर्ने र वितरण गर्ने स्थल भन्ने जनाउँछ।

(ज) “विभाग” भन्नाले विद्युत सम्बन्धीको काम कारबाही गर्ने विभागलाई जनाउँछ

(झ) “प्रबन्धक” भन्नाले अनुमति प्राप्त गरेको व्यक्ति वा संस्थालाई जनाउँछ।

(ञ) “गाउँपालिका” भन्नाले शे-फोक्सुण्डो गाउँपालिकालाई जनाउँछ।

शे-फोक्सुण्डो गाउँपालिका डोल्पा

(ट) “कार्यालय” भन्नाले शे-फोक्सुण्डो गाउँपालिकाको कार्यालयलाई बुझाउँछ र सो शब्दले वडा कार्यालय समेत जनाउँछ।

(ठ) “कार्यपालिका” भन्नाले शे-फोक्सुण्डो गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ।

(ड) “अध्यक्ष” भन्नाले शे-फोक्सुण्डो गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(ढ) “उपाध्यक्ष” भन्नाले शे-फोक्सुण्डो गाउँपालिकाको उपाध्यक्षलाई जनाउँदछ।

(ण) “वडा अध्यक्ष” भन्नाले शे-फोक्सुण्डो गाउँपालिकाको वडा अध्यक्षलाई जनाउँछ।

(त) “वडा सदस्य” भन्नाले शे-फोक्सुण्डो गाउँपालिकाको वडा सदस्यहरुलाई जनाउँछ,

(द) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शे-फोक्सुण्डो गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भई काम काज गर्न तोकिएको पदाधिकारीलाई जनाउँछ ।

(ध) “वडा सचिव” भन्नाले गाउँपालिका वडा सचिवलाई जनाउँछ ।

(न) “सम्झौता” भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन, तथा मर्मत सम्भार आदि कार्य गर्नका लागि गरिने लिखित करारनामा वा कवुलियतनामाको लिखतलाई जनाउँछ।

(प) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्ड वा सम्बन्धित विषयमा प्रचलित कानून तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद -२

## जल उपयोग सम्बन्धी व्यवस्था

३. **गाउँपालिकाको अधिकार : (१)** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड (ध) मा व्यवस्था भए बमोजिम १ मेगावटसम्मको विधुत उत्पादनको सर्वेक्षण र उत्पादनको अनुमति-पत्रको स्वीकृति दिन सक्नेछ।

(२) १ मेगावट भन्दा माथिको विद्युत उत्पादनको सर्वेक्षण र अनुमति-पत्रको स्वीकृति दिन नेपालको संविधानमा व्यवस्था गरिएको अनुसूची ८ बमोजिम हुनेछ।

४. **जल उपयोग समितिको गठन :** (१) यस गाउँपालिकाले देहाय बमोजिमको जल उपयोग समिति गठन गर्न सकिनेछ।

| | | |
|---|---|---|
| १ | गाउँपालिकाको अध्यक्ष | -अध्यक्ष |
| २. | आर्थिक विकास समितिको संयोजक | - सदस्य |
| ३. | गाउँपालिका पूर्वधार विकास समितिको संयोजक | -सदस्य |
| ४. | गाउँपालिकाको प्राविधिक प्रमुख इन्जिनीयर | -सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |
| ६. | अध्यक्षबाट मनोनित जलस्रोत विज्ञ | - ३ जना |

५. जल उपयोग समितिको काम, कर्तव्य र अधिकार : (१)शे-फोक्सुण्डो गाउँपालिका क्षेत्र भित्रको जल सम्बन्धी व्यवस्था गर्न जल उपयोग समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुने छ ।

(क) गाउँपालिका भित्र रहेको नदी, खोला, पानीको मुहान, तालतलैया, पोखरीहरुको पहिचान गरी अभिलेखीकरण गरी गाउँपालिकामा अभिलेख राख्न,

(ख) गाउँपालिका भित्रको सबै प्रकारको जलस्रोतलाई संरक्षण र संवर्द्धन गर्ने र त्यसबाट हुने प्राकृतिक प्रकोप सम्बन्धी राय सुझाव प्रतिवेदन गाउँकार्यपालिकामा पेश गरी आवश्यक व्यवस्थापन गर्न,

(ग) शे-फोक्सुण्डो गाउँपालिका भित्रको जलस्रोतको उपयोग र वितरणका लागि आवश्यक नियमन गर्ने, र अनुचित कार्य गर्ने जो कोही सदस्यहरुलाई गाउँपालिको बैठकले उचित ठहऱ्याएमा कानूनी कारबाहीको लागि सिफारिस गर्न,

स्पष्टीकरण : तर कसैलाई पनि सफाइको मौकाबाट बन्चित गरिने छैन ।

(घ) गाउँपालिका भित्र रहेको जल स्रोतमा आधारित उद्योग, व्यवसाय, तथा उर्जा सम्बन्धी संचालन गरे वापत त्यसको स्वत्वाधिकार (रोयल्टी) आम्दानीको ५% गाउँपालिकाको आयस्रोत दाखिला गर्न गराउन,

(ङ) जल स्रोतबाट उत्पादन गरिने उधोग, कालकारखाना वा व्यवसाय संचालन गर्दा स्थानीय सरकारसँग सहमति भएका शर्तहरु पालना गरेको छ छैन अनुगमन गरी तत् सम्बन्धी गाउँ कार्यपालिकामा प्रतिवेदन बुझाउन,

(च) जलस्रोतको उपभोग गर्दा सम्बन्धित उपभोक्ताहरुले न्यायोचित वितरण भए नभएको अनुगमन गरी गाउँपालिकामा कार्यान्वयनका लागि पेश गर्न,

(छ) जलश्रोतमा आधारित ठूलो आयोजनाहरु सञ्चालन गरिएमा स्थानीय जनताहरुले पाउनु पर्ने हक अधिकारहरु सम्बन्धी पहल गर्न गराउन,

(ज) एक मेगावाट भन्दा तलको जलविद्युत उत्पादनको अनुमति दिन र अनुमति खारेज सम्बन्धी सिफारिस गर्न,

(झ) जलश्रोतमा आधारित ठूला परियोजनाहरुका लागि परियोजना अध्ययन, अनुसन्धान, निर्माण, सञ्चालन गर्नका लागि संघ र प्रदेशसँग संविधानको धारा २२१(२) बमोजिम समन्वय र सहकार्यका लागि आवश्यक कारबाहीको लागि विशेष भूमिका प्रदान गर्न,

(ञ) जलश्रोतमा आधारित उद्योग, व्यवसाय, र परियोजना सञ्चालन गर्दा प्रयोग हुने स्थानीय श्रोत साधनहरु जस्तैः- खानी जन्य ढुङ्गा, गिट्टी, बालुवा, माटो, तथा वनपैदावार समेत प्रयोग गरे वापत स्वत्वाधिकार शुल्क (रोयल्टी) को निर्धारण गरी शुल्क तोक्नका लागि सिफारिस गर्न,

(ट) कुनै पनि परियोजनाको प्रभावित क्षेत्रभित्र सम्बन्धित सरोकारवालासँग समन्वय गर्न एवं सरोकारवाला समिति बनाई उत्पन्न हुने विवादहरुको समाधान गर्न,

(ठ) ठूलो जलविद्युत कम्पनीहरुले गाउँपालिकालाई बुझाउनु पर्ने स्वत्वाधिकार शुल्क निर्धारण गरी गाउँपालिकालाई मासिक, त्रैमासिक, अर्ध-वार्षिक वा वार्षिक रुपमा बुझाए नबुझाएको अनुगमन गर्न र गराउन ।

६ **स्थानीय स्तरमा जलश्रोत सरोकार समितिको गठन : (१)** गाउँपालिका भित्र जलश्रोतमा आधारित परियोजनाहरुबाट अति प्रभावित, प्रत्यक्ष प्रभावित र दीर्घकालीन प्रभावितको सम्बन्धमा प्रत्यक्ष प्रभावाविन्त

सरोकारवाला जनताको हकहित स्थापित गराउन शे-फोक्सुण्डो गाउँपालिका जल उपयोग समितिको रोहबरमा निम्म बमोजिमको सरोकार समितिको गठन गर्न सक्नेछ ।

. **सरोकार समितिको गठन देहाय बमोजिमको हुनेछ :**

| | | |
|---|---|---|
| १. | प्रभावित वडा अध्यक्षहरु मध्येबाट सरोकारवाला जनताको भेलाबाट चयन गरेको | -संयोजक |
| २. | प्रभावित वडाका अन्य वडा अध्यक्ष लगायत सबै वडा सदस्यहरु पदेन | -सदस्य |
| ३. | स्थानीय टोल विकास संस्थाका अध्यक्षहरु मध्येबाट १ जना | -सदस्य |
| ४. | स्थानीय युवाल्कवका अध्यक्षहरु मध्येबाट १ जना | -सदस्य |
| ५ | राष्ट्रिय राजनीति दलका १/१ जनप्रतिनिधिहरु | -आमन्त्रित सदस्य |

२.. **शे-फोक्सुण्डो गाउँपालिका भित्रको स्थानीय स्तरमा जलश्रोत सरोकार समितिका देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुने छ ।**

१ सरोकारवाला जनताहरुको भेला गराई परियोजना सञ्चालकहरुबाट परियोजनाको बारेमा स्पष्ट विवरण सहितको जानकारी लिने कार्य गर्न,

२. परियोजनाबाट स्थानीय स्तरमा प्रभावहरुको मूल्याङ्कन गरी त्यसबाट हुने क्षतिपूर्तिको निर्धारण गरी सिफारिस गर्न,

३ दुवै पक्षहरुको सहमतिमा चलन चल्तीको मूल्याङ्कन कायम गरी मुआब्जा निर्धारण गरी सिफारिस गर्न,

४. परियोजना सञ्चालक पक्षहरु र सरोकारवाला पक्षहरु बीचमा समन्वय र समझदारी कायम गराउन र कुनै पनि विवाद भएमा त्यसको निरुपन गर्न मध्यस्थ वा मेलमिलापको भूमिका प्रदान गर्न,

५. परियोजनाको अवधिभर त्यस क्षेत्रको शान्ति सुरक्षा र सामाजिक वातावरण नकारात्मक प्रभाव पर्न नदिन परियोजना सञ्चालकहरुलाई सचेत गराउन, अनुगमन गर्न,

६ परियोजना सञ्चालन गरे वापत समाजिक दायित्व अन्तर्गत प्रभावित क्षेत्रको सडक, शिक्षा, स्वास्थ्य, सिचाई, खानेपानी, वातावरण र रोजगारको लागि सहमति गर्न तथा कार्यान्वयका लागि गाउँपालिकामा सिफारिस गर्न,

७. परियोजना र सरोकार समितिको बीच भएको दुई पक्ष सहमतिका बुदाहरु जलस्रोत समिति समक्ष पेश गर्न,

८. समितिका सदस्यहरुले अनुचित कार्य गरेको पाइएमा तत् सम्बन्धी समितिले निर्णय गरी कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्न,

१०. समितिले परियोजनासँग भएको सहमति र स्वीकृति भएका विषयमा गाउँकार्यपालिकाको जलस्रोत समितिको निर्णय र निर्देशनहरुको परिपालना तथा कार्यान्वयन गर्न गराउन ।

७. **१ मेगावट जलविद्युत उत्पादन अवधि सम्बन्धी व्यवस्था :** (१) शे-फोक्सुण्डो गाउँपालिका भित्र १ मेगावटको जलविद्युत उत्पादनका निम्ति निम्न अवधि र प्रभावित क्षेत्रका स्थानीय जनताहरुलाई दिइनु पर्ने सेवा सुविधा नदिएमा अनुमति-पत्र खारेजी गाउँपालिकाले गर्न सक्नेछ ।

(२) परियोजना सञ्चालन गर्दा आयोजना लागतको तिन प्रतिशत (३%) रकम प्रभावित क्षेत्रको सामाजिक दायित्व अन्तर्गत सडक, शिक्षा, स्वास्थ्य, सिचाई, खानेपानी पर्यावरण र सामुदायिक हितको लागि खर्च गर्नु पर्ने छ ।

(३) आयोजना सञ्चालन गर्दा प्रभावित क्षेत्रको जनतालाई पहिलो प्राथमिकतामा राखेर उनीहरुको सीप क्षमता र योग्यता अनुसारको रोजगार दिनु पर्नेछ ।

(४) आयोजना शुरुहुनु भन्दा अगाडि प्रभावित क्षेत्रको सरोकारवाला जनतासँग सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ । आयोजना सम्पन्न भएपछि सञ्चालन हुनु पूर्व पनि सरोकारवाला जनताका बीचमा खुल्ला सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ ।

(५) आयोजना सञ्चालन हुनु पूर्व नै परियोजनाको भौतिक संरचनाको Master plan को नक्शा गाउँपालिकाको घर नक्शा शाखामा पेश गरी उक्त शाखाबाट स्वीकृत लिनु पर्नेछ । यदि स्वीकृति नलिई परियोजना सञ्चालन गरिएमा गाउँपालिकाले तत्कालै रोक्न सक्नेछ र ७ दिन भित्र नक्शा पेश गर्न आदेश दिन सक्नेछ ।

(६) स्थानिय जनतालाई चाहेको खण्डमा निश्चित प्रतिशत शेयर लगानी गर्न सुनिश्चित गर्नुपर्नेछ ।

## परिच्छेद-३

## विद्युत उत्पादन सर्वेक्षण अनुमति सम्बन्धी व्यवस्था :

८. **विद्युत उत्पादन सर्वेक्षण अनुमति सम्बन्धी व्यवस्था :** (१) नेपालमा १ मेगावाटसम्मको विद्युत उत्पादनको लागि स्थानीय सरकारलाई अधिकार प्रत्योजन गरिए बमोजिम विद्युत उत्पादन सर्वेक्षण अनुमति-पत्र शे-फोक्सुण्डो गाउँपालिकाबाट जारी गरिने छ ।

क विद्युत उत्पादनको अनुमति-पत्र दिंदा स्थानीयलाई ग्राहचता दिइने छ ।

ख विद्युत सर्वेक्षण अनुमति-पत्रका लागि प्रतिवर्ष रू.२,५०,०००।- का दरले २ वर्षको एकमुस्ट बुझाउनु पर्नेछ ।

ग सर्वेक्षण अनुमतिका लागि आवश्यक कागजपत्रहरु दरखास्तका साथ पेश भएकोलाई मात्र मान्यता प्रदान गरिने छ ।

घ विद्युत उत्पादनको सम्बन्धित वडा कार्यालय, सरोकार समिति, तथा जल उपयोग व्यवस्था समितिको सिफारिसको आधारमा गाउँपालिकाबाट सर्वेक्षण अनुमति दिइने छ ।

ङ. आयोजनाको अध्ययन र अनुसन्धानको अनुमानित लागत खर्च सहित विद्युत उत्पादनसम्मको हाइड्रो सम्बन्धी परामर्शदाता संस्थाबाट तयार पारेको अध्ययन प्रतिवेदनको प्रस्ताव पेश गर्नु पर्नेछ ।

च नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलमा नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक क्षेत्र तथा जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु समेत रेखाङ्कन गरिएको स्थलगत नक्शा समेत पेश गर्नु पर्नेछ ।

२. **जल विद्युत आयोजनाको जडित क्षमता निर्धारण गर्ने व्यवस्था :**

शे-फोक्सुण्डो गाउँपालिका डोल्पा

क. सर्वेक्षण अनुमति-पत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रबन्धकले उपलब्ध गराएको हाईड्रोलोजीकल टाईम सिरिज डाटाको प्रोव्याविलिटी अफ एक्सीडेन्स (probability of Exceedance) र Q45 लाई सामान्यतया आधार मानिनेछ।

ख. प्रबन्धकले पेश गरेको हाईड्रोलोजीकल तथ्यांक कार्यालयमा उपलब्ध आधिकारिक तथ्यांकसँग तात्विक रुपमा फरक परेको पाइएमा कार्यालयमा उपलब्ध तथ्यांकलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गर्न सक्नेछ।

ग. यसरी कुनै आयोजनाको जडित क्षमता निर्धारण गर्दा कार्यालयले जलश्रोतको उपयोग विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई समेत आधारमानी अनुसूची १ मा निर्दिष्ट गरेको विधि अनुसार क्षमता निर्धारण गर्न सक्ने छ।

**३. प्रबन्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्नु पर्ने कागजातहरु** :

क. दर्तावाल चार्टड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तिमा रु १० लाख बराबर खुद सम्पत्ति रहेको विवरण पेश गरेको हुनु पर्नेछ।

ख. एक भन्दा बढी आयोजनाको सर्वेक्षण अनुमति-पत्रको लागि दरखास्त दिनेको हकमा त्यस्तो कार्यालयले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमतालाई आधार बनाइने छ।

**४. प्रबन्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न पेश गर्नु पर्ने कागजातहरु :**

क. प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौता-पत्र, परामर्शदातृ संस्थाको प्रमाण-पत्र, स्थायी लेखा नम्बरको प्रमाण पत्र एवं प्रबन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ। यदि पूरा कागज पत्र पेश नभएमा अनुमति दिन बाध्य हुने छैन।

**८. दरखास्त उपर कारबाही सम्बन्धी व्यवस्था:**

क. कार्यालयले रीतपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई कारबाहीको पहिलो प्राथमिकता दिनेछ।

ख. आवश्यक कागजात तथा विवरणहरु प्राप्त नभएसम्म त्यस्ता दरखास्त उपर कारबाही अगाडि बढाउने छैन।

ग. प्रबन्धकको तर्फबाट पेस गर्नु पर्ने सम्पूर्ण कागजात तथा विवरणहरु पेस भएको १५ दिन भित्र अनुमति-पत्र प्रदान गरिनेछ।

घ. आयोजना, संचालन गर्ने खोला वा पानीको स्रोत, कुनै वस्तीको खानेपानी र सिंचाईमा प्रयोग भईरहेको खण्डमा पहिलो प्राथमिकता खानेपानी र सिंचाई हुनेछ। खानेपानी र सिंचाईलाई वढी भएको पानीको हकमा भने सर्वेक्षण अनुमति दिन सक्ने छ।

**९. सर्वेक्षण अनुमति-पत्रको अवधि:**

क. विद्युत उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण अनुमति-पत्रको अवधि अधिकतम ३ बर्षको हुनेछ।

दो-फोक्सुन्डो गाउँपालिका डोल्पा

ख. प्रबन्धकलाई पहिलो पटक सर्वेक्षणको अनुमति-पत्र जारी गर्दा २ बर्षको अवधि भन्दा कम हुने गरी जारी गरिने छैन ।

ग. अनुमति-पत्रको नवीकरणको लागि म्याद समाप्त हुनु अगावै कार्यालयमा दरखास्त नपरेमा अनुमति-पत्र स्वत : रद्द हुने छ । अनुमति-पत्र नवीकरण तथा म्याद थपको लागि विवरण पेस गर्ने ढाँचा अनुसूचीको फाराम नम्बर (क) बमोजिम हुनुपर्नेछ ।

**१०. सर्वेक्षण अनुमति-पत्रको नवीकरण सम्बन्धी व्यवस्था :**

क. नाविकरणको लागि अनुमति-पत्रको म्याद कायमै रहँदै रू. ३,००,०००।- तिन लाख दस्तुर सहित निवेदन पेश गर्नु पर्नेछ ।

ख. अनुमति-पत्रको लागि दरखास्त दिँदा यस ऐनको अनुसूचीको फाराम नं. (ख) बमोजिम भरिएका फारमहरु तथा विगतमा पेश गरेको कार्यतालिका अनुसारको कार्य प्रगति प्रतिवेदन पेस गर्नुपर्नेछ । कार्यतालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्य समेत उल्लेख गर्नुपर्नेछ ।

ग. अनुमति-पत्रको नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अबधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिनेछ । प्रबन्धकले पेश गरेको कार्य प्रगति सन्तोष जनक नभएको देखिएमा वा कार्यालयले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रबन्धकबाट थप पुष्टाई लिन वा कार्यालयले आफ्ना मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरिक्षण गराउन सक्नेछ ।

घ. आयोजनाको कार्य प्रगति सन्तोष जनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमति-पत्रको नवीकरण गरिने छैन ।

ङ. प्रबन्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एक पटक विद्युत उत्पादन प्रसारण वा वितरणको सर्वेक्षण अनुमति-पत्र नविकरण गर्न सकिनेछ

**११. विद्युत उत्पादनको अनुमति-पत्र र प्रसारण वितरण सम्बन्धी व्यवस्था :** (१) यस गाउँपालिका भित्र विद्युत आयोजनाको निर्माण गर्न चाहने प्रबन्धकले विद्युत उत्पादनको अनुमति-पत्र प्राप्त गर्नका लागि सर्वेक्षण अनुमति बहाल रहेको आवधि भित्रै देहाय बमोजिमको कागजातहरु सहित दरखास्त दिनुपर्ने छ । यदि तोकिएको समय अवधि भित्र नदिए स्वत खारेज भएको मानिने छ :

क. विद्युत उत्पादनको अनुमति शुल्क रू. ५,००,०००/- पाँच लाख लाग्ने छ ।

ख. यसै ऐनको दफा ७ को उपदफा ३ बमोजिमको वित्तीय व्यवस्था सम्बन्धी आर्थिक क्षमता वा हैसियतको विवरण अनिर्वाय पेश गर्नु पर्ने छ ।

ग परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट घर जग्गाको उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत समेत पेश गर्नु पर्ने छ ।

घ. आवश्यकतानुसार स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनसाथ पेश भएको हुनु पर्दछ ।

ङ. कम्पनी र विद्युत प्राधिकरण बीच भएको विद्युत खरिद सम्झौता पत्र समेत संलग्न गर्नु पर्दछ । तर ग्रिडमा आबद्ध नगरी ग्रामीण विधुतिकरण हुने क्षेत्र भए ग्राहकको विवरण पेश गर्नु पर्दछ । विधुत प्राधिकरणसंग कुनै सम्झौता नभए पनि हुन्छ ।

छ. अन्य विवरणहरुः

१. आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखांकन तथा coordinate सहितको सक्कल टोपो नक्शा,

२. निर्माण कार्यको विस्तृत तालिका,

३. आयोजनाको सम्भाव्यता अध्ययन विस्तृत ईन्जीनियरिङ डीजाइन र डीजाइन नक्शाहरु (Design Drawings) तथा सोको विद्युतीय प्रति (Electronic copy)

**२. वित्तीय व्यवस्था सम्बन्धी आवश्यक कागजातहरु देहाय बमोजिम हुनेछन् ।**

क. आयोजनामा हुने स्वपूँजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी विवरण पेश गरेको हुनु पर्दछ ।

ख. पछिल्लो आ.ब.को लेखा परिक्षण गरिएको वित्तीय विवरण (Audited financial statement ) पेश गर्नु पर्दछ ।

ग. परियोजना/आयोजनाको स्वपूँजी बराबरको कम्पनी नेटवर्थ वा सोही बराबरको सेयर होल्डरहरुको स्वयम पूँजी लगानी गर्ने क्षमता पुष्टि हुने बैंक इस्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने चार्टड एकाउन्टेन्टबाट प्रमाणित कागजातका साथै बैंक इस्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण अनिवार्य पेश गर्नु पर्दछ ।

घ. सेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि सम्लग्न गर्नु पर्दछ ।

ङ. कुनै पनि वित्तीय बैंकहरुबाट लगानी गर्ने ऋण सम्झौताको प्रतिबद्धता-पत्र पेश गर्नु पर्ने छ ।

**३. प्रबन्धक कम्पनीसँग सम्बन्धित कागजातहरु भएकालाई मात्र मान्यता प्रदान गर्ने छः**

४. विद्युत उत्पादनको सर्वेक्षण अनुमति-पत्रमा कायम रहेको जडित क्षमता नै विद्युत उत्पादनको अनुमति-पत्रमा कायम गरिनेछ तर Hydrology, Power Evacuation लगायतका कारणले फरक क्षमताको लागि विद्युत खरिद बिक्री सम्झौता (PPA) वा जडान सम्झौता (Connection Agreement) भएको अवस्था संशोधित सम्भाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृति वातावरणीय अध्ययन प्राप्त भए पश्चात सोहि क्षमताको लागि विद्युत उत्पादनको अनुमति-पत्रको कारबाही अगाडि बढाइने छ ।

५. विद्युत उत्पादनको सर्वेक्षण अनुमति-पत्र जारी भएकै प्रबन्धकको नाममा विद्युत उत्पादनको अनुमति-पत्र प्रदान गरिनेछ । तर व्यक्तिको नाममा विद्युत उत्पादनको सर्वेक्षण अनुमति-पत्र जारी भएको र निजले आफु समेत संलग्न रहेको कम्पनीको नाममा जारी गर्न माग गरेमा विद्युत उत्पादनको अनुमति-पत्र जारी गर्न सकिनेछ ।

६. प्रबन्धकको माग हेरी आवश्यकता र औचित्यका आधारमा एकै पटक विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमति-पत्र दिन सकिनेछ ।

७. विद्युत उत्पादनको अनुमति-पत्र जारी भएको मितिले तीन बर्ष भित्र निर्माण सम्पन्न गर्नुपर्नेछ । अनुमति-पत्र प्राप्त भएको १ बर्ष भित्र निर्माण शुरु नभएको पाइएमा उत्पादनको अनुमति-पत्र रद्ध गर्न सकिनेछ ।

८. विद्युत उत्पादनको अनुमति ३० बर्षको रहनेछ । उक्त अवधि समाप्त भएपछि आयोजना चालु अवस्थामा नै गाउँपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ ।

शे-फोक्सुण्डो गाउँपालिका डोल्पा

९. आम्दनीको ५ % रोयल्टी गाउँपालिकालाई चौमासिक रुपमा बुझाउनु पर्नेछ ।

१०. प्रति किलोवाट रु. १००/- एक सयका दरले इनर्जि शुल्क प्रति वर्ष बुझाउने पर्नेछ

**१२. आयोजनाको क्षमता एवं क्षेत्र निर्धारण** :

१. माथि जुनसुकै कुरा लेखिएको भएता पनि अनुमति-पत्र माग गरी पेश गरेको दरखास्त साथ माग भएको क्षेत्रमा आयोजनाको एकिन गर्नको लागि कार्यालयले माग गरेको क्षेत्र खुलाई Technical Clearance सम्बन्धमा दिएको राय एवं निर्देशन अनुसार मात्र कार्यालयले अनुमति-पत्र सम्बन्धी कारबाही आगाडि बढाउने छ ।

२. कार्यालयले आवश्यक ठानेमा प्राविधिक सहयोगका लागि विभागमा अनुरोध गर्न सक्नेछ ।

३. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा वातावरणीय परिक्षण प्रतिवेदन तयारी तथा स्वीकृत गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र विद्युत विकास विभागबाट आवश्यक सहयोग लिन सकिने छ ।

## परिच्छेद-४

## पानीको मुहान सम्बन्धी व्यवस्था

**१३. पानीको मुहान सम्बन्धी व्यवस्था :** (१) शे-फोक्सुण्डो गाउँपालिका क्षेत्र भित्र रहेका पानीको मुहानको अनुमति वा स्वीकृति विना कुनै पनि आयोजना सञ्चान गर्न पाइने छैन ।

(२) उपदफा १ मा उल्लेख गरिएको पानीको मुहान सम्बन्धमा साविकदेखि सञ्चालन हुँदै आएको रहेछ भने पनि गाउँपालिकाबाट अनिवार्य रुपमा अनुमति लिनु पर्नेछ । यदि नलिएमा गाउँपालिकाले सञ्चानमा रोक लगाउन सक्नेछ ।

३. नदी, खोला र खोल्साबाट बग्ने पानी, कुनै व्यापार व्यवसाय सञ्चालन गर्नका लागि देहाय बमोजिमको अनुमति वा स्वीकृति लिएर मात्र आयोजना सञ्चान गर्न पाउँनेछ । यदि अनुमति नलिई गरेमा गाउँपालिकाले प्रतिबन्ध गराउन सक्नेछ ।

(क) शे-फोक्सुण्डो गाउँपालिका भित्रका जलस्रोतको सम्बन्धमा जल उपयोग व्यवस्था समिति र सरोकारवाला समितिको राय सुझावका आधारमा गाउँपालिकाले संरक्षण र संवर्द्धन गर्नेछ र उक्त समितिहरुको सिफारिसमा मात्र अनुमति वा स्वीकृति दिइनेछ ।

(ख) शे-फोक्सुण्डो गाउँपालिका भित्र रहेका जलाधारहरुलाई व्यवस्थित गरी उपयोग गर्न गाउँपालिकाको अधीनमा रहनेछ । संघ र प्रदेशका निम्ति आवश्यक परेमा सम्बन्धित वडा र गाउँपालिकाको सहमति लिएर मात्र परियोजना सञ्चालन गर्न सक्नेछ ।

(ग) पानीबाट सञ्चालन हुने उधोग, कृषि व्यवसायका लागि भए समय समयमा गाउँपालिकाको गाउँसभाले तोकिए बमोजिमको कर वा शुल्क लगाउन सकिनेछ ।

(घ) पानीको मुहान भएको ठाउँ व्यक्ति विशेषको जग्गामा भए पनि गाउँपालिकाको अधीनमा हुनेछ ।

शे-फोक्सुण्डो गाउँपालिका डोल्पा

(ङ) साविकदेखि चलिरहेको पानी घट्टा, कुलो, नाला, पिउने पानीको सम्बन्धमा कुनै कर लागाइने छैन । कसैले व्यापार व्यवसाय गरे वापत गाउँपालिकाले निर्धारण गरे बमोजिम कर वा शुल्क लाग्ने छ ।

(च) समुदाय, उपभोक्ता, व्यक्ति विशेष वा कम्पनी वा संस्थाले पानीको मुहानबाट पानी लैजानका लागि गाउँपालिकाको स्वीकृति नलिई लान पाइने छैन । यदि विना अनुमति लगेमा गाउँपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ ।

(छ) पानीबाट उत्पादन हुने उर्जा, व्यवसायिक खानेपानी, व्यवसायिक माछापालन कृषि व्यवसाय तथा अन्य कृषिजन्य खेती लगायतका कार्य गर्न गाउँपालिकाको स्वीकृति लिएर मात्र उधोग तथा व्यवसाय सञ्चालन गर्न सक्नेछ ।

१४. समझौता : शे-फोक्सुण्डो गाउँपालिकाको वडा अध्यक्षहरुले जलस्रोत सम्बन्धीको विषयमा सम्झौता गर्नु पर्नाका कारण सहित गाउँकार्यपालिका समक्ष सिफारिस गरी पठाउन सकिने छ र गाउँकार्यपालिकाले समेत स्थानीय जनताको हितमा छ छैन अध्ययन गरी सम्बन्धित वडा अध्यक्ष र सरोकार समितिको रोहबरमा गाउँपालिकाको अध्यक्षले दुई पक्षीय बीच सम्झौता गर्न सक्नेछ ।

१५. अनुमति रद्ध हुने अवस्था

स्थानीय सरकारले दिएको अनुमति बमोजिम काम नगरेमा, १ बर्ष भित्र निर्माण कार्य सुरु नगरेमा, बुझाउनु पर्ने स्वत्वाधिकार शुल्क (रोयल्टी) नबुझाएमा, प्रचलित कानूनको उल्लंघन गरेमा अनुमति-पत्र रद्ध गर्न सकिनेछ ।

१६. दण्ड सजायको व्यवस्था :

(क) कुनै पनि कम्पनी, फर्म, र व्यक्तिहरुले गैरकानुनी उधोग, व्यवसाय, र कृषि गर्न पाउने छैन । यदि गरेको पाएमा शीलवन्दी गरी कानूनी कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सकिनेछ ।

(ख) मुद्दाको प्रकृति हेरी कम्पनी, फर्म, र व्यक्तिहरुलाई गाउँपालिकाले कालो सूचीमा राखी न्यायीक समितिले दण्ड जरीवाना गर्न सकिनेछ । अन्य प्रचलित कानूनमा भए सोही बमोजिम कारबाही हुनेछ ।

१७. संशोधन : (१) यस ऐनलाई संशोधन गर्न आवश्यक ठानिएमा गाउँसभाले संशोधन गर्न सक्ने छ ।

१८. खारेजी र बचाऊ

(१) एक मेगावटसम्मको जल विद्युत अनुमति-पत्र उपलब्ध गराउने गरी स्थानीय तहबाट हाल सम्पादन भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ । यदि प्रदेश र संघको कानूनसँग बाँझिएको हदसम्म कानून बमोजिम हुनेछ ।

शे-फोक्सुण्डो गाउँपालिका डोल्पा

अनुसूची १

मिति..................

श्रीमान प्रमुख ज्यू
शे-फोक्सुण्डो गाउँपालिका

विषय ...................................ज.वि.आ. (........ कि.वा.) को विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र (संख्याः वि.वि.वि.)............. वि.उ.स......................को म्याद थप र नवीकरण तथा ..............................................................................................................................................................सम्बन्धमा ।
उपर्युक्त अनुमति-पत्र म्याद यही मिति .................... मा समाप्त हुने भएको र कायम अवधिमा सम्पूर्ण कार्य समाप्त हुन नसकेकोले बाँकी कार्य सम्पन्न गर्नको लागि संलग्न तालिका सहित सो को म्याद ............ सम्म थप हुन तथा ..................... ............................ .................. ................. ................. ............... ..................... ................. ................. ...................... .......................... ................ .................... ..................... ............. .................. ...................... ........................ ................ ................... ................... को लागि आवश्यक दस्तुर र निर्दिष्ट विवरण सहित दरखास्त गर्दछु /गर्दछौं ।
साथै म/हामी यो प्रतिबद्धता गर्दछु/गर्दछौं कि संलग्न फारममा उल्लेख भए अनुसारका सबै विवरण हरु सत्य तथ्यमा आधारित छन् र संलग्न कार्यतालिका अनुसारका कार्यहरु आगामी बर्ष सम्पन्न गरिने छन् । यदि संलग्न विवरणहरु तथ्यमा आधारित नपाइएमा वा संलग्न कार्यतालिका अनुसार उल्लेख्य प्रगति गर्न नसकेमा प्रचलित कानून तथा अनुमति-पत्रका (म्याद थप हुँदाका समेत) सर्तहरु अनुसार अनुमति-पत्र रद्दसम्मको कारबाही हुन गएमा मेरो/हाम्रो कुनै गुनासो छैन ।

निवेदक वा अख्तियार प्राप्त व्यक्तिको
हस्ताक्षर................................ कम्पनीको छाप
नाम ...................................

नोटः प्रत्येक पानामा अख्तियार प्राप्त व्यक्तिको दस्तखत र कम्पनीको हकमा छाप समेत हुनु अनिवार्य छ । विवरणहरु येही ढाँचामा सफा टाइप गरिएको हुनु पर्नेछ ।

## जल विद्युत सर्वेक्षण अनुमति-पत्रको म्याद थप (नवीकरण) को दरखास्त साथ पेश गर्ने विवरणहरु

फारम नं. क; आयोजना सम्बन्धी संक्षिप्त विवरण

अनुमति पत्र संख्या वि.वि.वि..............वि.उ.स.............. विभागीय प्रयोजनको लागि

आयोजनाको नाम तथा क्षमता

खोलाको नाम :

जिल्ला/गाउँपालिका

प्रबन्धकको नाम, ठेगाना. (पो.ब.नं., ईमेल ,टेलिफोन र फ्याक्स भएमा सो समेत

अनुमति पत्र जारी मिति :......................................

यस अगिको म्याद थप विवरण (क)२०...............र.... देखि २०.......... सम्म

(ख) २०.................. देखि २०.................. सम्म

(ग) २०................ देखि २०............................ सम्म

शे-फोक्सुण्डो गाउँपालिका नेपाल